नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# राष्ट्रिय किताबखाना

## (निजामती)

पत्रसंख्या: २०८२/८३

च.नं.: ४१०.

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय राष्ट्रिय किताबखाना (निजामती) हरिहरभवन, ललितपुर

मिति:- २०८२/११/११

**विषयः- थप औषधि उपचार खर्च भूक्तानी सम्बन्धमा ।**

श्री महालेखा नियन्त्रक कार्यालय,
अनामनगर,काठमाण्डौ।

प्रस्तुत विषयमा सेवा निबृत्त कर्मचारीहरुलाई ७५ वर्ष उमेर पुरा भए पश्चात १० प्रतिशत र ८५ वर्ष उमेर पुरा भए पश्चात थप १० प्रतिशत गरी जम्मा २० प्रतिशत औषधि उपचार खर्च रकम भूक्तानी गर्ने र पारिवारिक निबृत्तभरण अधिकारपत्र प्राप्त गर्ने कर्मचारीको परिवारलाई समेत माथि उल्लेख भए अनुसारको औषधि उपचार खर्च रकम भूक्तानी गर्ने सम्बन्धमा स्पष्ट नभएकोले सो सम्बन्धमा स्पष्ट गरी पठाई दिनु हुन भनी विभिन्न कोष तथा लेखा नियन्त्रक कार्यालयहरुबाट विभिन्न समयमा पत्राचार भएको देखिएकोले सो सम्बन्धमा देहाय अनुसार गर्नु गराउनु हुन भनी ७७ वटै कोष तथा लेखा नियन्त्रक कार्यालयहरुमा पत्राचार गरि दिनु हुन मिति २०८२/११/११ को (महानिर्देशकस्तरीय) निर्णयानुसार अनुरोध छ।

१. निबृत्तभरण अधिकारपत्र प्राप्त गरेको सेवा निबृत्त कर्मचारीको उमेर ७५ वर्ष पुरा भएमा निजले खाई पाई आएको निबृत्तभरण रकमको १० प्रतिशतले हुन आउने रकम औषधि उपचार खर्च वापत उपलव्ध गराउने।

२. निबृत्तभरण अधिकारपत्र प्राप्त गरेको सेवा निबृत्त कर्मचारीको उमेर ८५ वर्ष पुरा भएमा निजले खाई पाई आएको निबृत्तभरण रकम (औषधि उपचार खर्च बाहेक) को १० प्रतिशतले हुन आउने रकम औषधि उपचार खर्च वापत थप उपलव्ध गराउने।

३. पारिवारिक निबृत्तभरण अधिकारपत्र प्राप्त गर्ने व्यक्तिको उमेर ७५ वर्ष भन्दा कम भएमा औषधि उपचार खर्च वापतको रकम नदिने।

४. पारिवारिक निबृत्तभरण अधिकारपत्र प्राप्त गर्ने व्यक्तिको उमेर ७५ वर्ष भन्दा बढी ८५ भन्दा कम भएमा निजले खाईपाई आएको निबृत्तभरण रकमको १० प्रतिशतले हुन आउने रकम औषधि उपचार खर्च वापत उपलव्ध गराउने।

५. पारिवारिक निबृत्तभरण अधिकारपत्र प्राप्त गर्ने व्यक्तिको उमेर ८५ वर्ष भन्दा बढी भएमा निजले खाईपाई आएको निबृत्तभरण रकम( औषधि उपचार खर्च बाहेक) को १० प्रतिशतले हुन आउने रकम औषधि उपचार खर्च वापत थप उपलव्ध गराउने।

**वोधार्थ**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिहदरबार, काठमाण्डौं।

०८२/११/११

(शोभाकर पाण्डेय)
निर्देशक